सम्भावित कार्यसूची
बैठक संख्या : ०६-०८०/०८१

मिति: २०८०/०९/१२ गते बिहिवार
समय: विहान ८:०० बजे

**राक्सिराङ्ग गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको राक्सिराङ्ग गाउँ कार्यपालिकाको आ.व २०८०/०८१ को पाँचौं बैठकमा छलफलका सम्भावित विषयहरु :**

१. गत बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।
२. मासिक आय/व्यय प्रगति समिक्षा सम्वन्धमा ।
३. गाउँ सभाको हिउँदे अधिवेशन (१५ औं) को मिति संशोधन गरी पूनः आह्वान सम्बन्धमा ।
४ विभिन्न समितिका सदस्य सचिव जिम्मेवारी सम्वन्धमा ।
५ स्थानीय तहको संस्थागत स्वमुल्यांकनको प्रारम्भिक नतिजा सम्बन्धमा।
६. सडक सरसफाईको मुल्याङ्कन तथा रकम भुक्तानी सम्बन्धमा।
७. बेरुजु फछ्यौंट सम्बन्धमा।
८. रकम विनियोजन तथा योजना थप सम्वन्धमा ।
९ विविध ।

...............................
(देब चन्द्र गर्तौला)
प्रमुख प्रशासकीय अधिकृत

नोट:........................................................................................................................................
..................................................................................................................................................
..................................................................................................................................................
...............................

राक्सिराङ्ग गाउँपालिका

**गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर**

बैठक संख्या : ०६/२०८०/०८१

मिति: २०८०/०९/१२ गते बिहिवार

समय: बिहान ८:०० बजे

आज मिति २०८० पुस १२ गते बिहिबार बिहान ८:०० बजे गाउँपालिका अध्यक्ष श्री राजकुमार मल्लको अध्यक्षतामा देहायको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.ब. २०८०/०८१ को छैठौं बैठक बसी निम्नानुसारको निर्णय गरियो :

उपस्थिति:

| सि.नं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री राजकुमार मल्ल | |
| २ | उपाध्यक्ष | श्री बनस्तम थिङ | |
| ३ | सदस्य | श्री बाबी राम मुक्तान, वडा अध्यक्ष-१ | |
| ४ | सदस्य | श्री बुद्ध राम मुक्तान, वडा अध्यक्ष-२ | |
| ५ | सदस्य | श्री उत्तम वाइवा, वडा अध्यक्ष-३ | |
| ६ | सदस्य | श्री संजय कोईराला, वडा अध्यक्ष-४ | |
| ७ | सदस्य | श्री हरि बहादुर प्रजा, वडा अध्यक्ष-५ | |
| ८ | सदस्य | श्री अकल बहादुर मोक्तान, वडा अध्यक्ष-६ | |
| ९ | सदस्य | श्री राम बहादुर प्रजा, वडा अध्यक्ष-७ | |
| १० | सदस्य | श्री युसाई प्रजा, वडा अध्यक्ष-८ | |
| ११ | सदस्य | श्री रामकुमार वाल्वा थिङ, वडा अध्यक्ष-९ | |
| १२ | सदस्य | श्री सुजता दमाई | |
| १३ | सदस्य | श्री सजिना मुक्तान नेपाली | |
| १४ | सदस्य | श्री शुशिला सुनार | |
| १५ | सदस्य | श्री शान्ता कुमारी अर्याल | |
| १६ | सदस्य | श्री सिङ्गलाल प्रजा | |
| १७ | सदस्य | श्री चन्द्रमान प्रजा | |
| १८ | सचिव | श्री देब चन्द्र गतौंला | |

# राक्सिराङ्ग गाउँपालिका

## गाउँ कार्यपालिका, चैनपुर, मकवानपुर

बैठक संख्याः ०६– ०८०/८१

मितिः २०८०/०९/१२ गते बिहिबार
समयः विहान ८.०० बजे

निर्णय नं. १ः

गत बैठकहरुबाट भए गरेका निर्णयहरुको समीक्षा गरीयो, कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथाशीघ्र कार्यान्वयन गर्ने।

निर्णय नं. २ः

मासिक आय/व्यय प्रगति विवरण प्रतिवेदन माथि छलफल तथा समीक्षा गरियो। चालु आर्थिक बर्षको अर्धवार्षिक समिक्षाको लागि कार्यपालिका अन्तर्गतका सम्पूर्ण विषयगत समितिहरुलाई आ आफ्नो सम्बन्धित विषय क्षेत्रको कार्यप्रगतिको समिक्षा गर्दै सम्वन्धित विषयमा वडा समितिहरुबाट प्राप्त योजना तथा कार्यक्रम संशोधन सम्बन्धी प्रस्तावहरुमाथि छलफल गरी आगामी कार्यपालिका बैठकमा पेश गर्न निर्देशन दिने ।

निर्णय नं. ३ः

राक्सिराङ्ग गाउँपालिकाको गाउँ सभाको हिउदे अधिवेशन (१५ औं) मिति २०८० पौष महिनाको १३ गतेको लागि निर्धारण गरिएकोमा महालेखापरिक्षकको कार्यालयवाट यस गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अन्तिम लेखापरिक्षण कार्य यहि बिचमा सञ्चालन भएको र विगतको बेरुजु गाउँसभामार्फत नियमित गर्ने, विषयगत समितिका बैठकहरु वस्ने लगायतका कार्यहरु गर्न समय नपुगेकाले गाउँसभाको हिउदे अधिवेशन (१५ औं) को पूर्वनिर्धारित मिति संशोधन गरी मिति २०८० पौष महिनाको २३ गतेको लागि आव्हान गर्ने ।

निर्णय नं. ४ः

राक्सिराङ्ग गाउँपालिकाको कार्यपालिका अन्तर्गतका देहायका विषयगत समितिको सदस्य सचिवको रुपमा रहेका कर्मचारीहरुको अवकाश तथा जिम्मेवारी हेरफेर भएकाले तत तत समितिमा देहायबमोजिम सदस्य सचिव नियुक्त गर्ने ।

| सि न | विषयगत समिति | साविकको सदस्य सचिव | नियुक्त हुने सदस्य सचिव |
|---|---|---|---|
| १ | सुशासन तथा संस्थागत विकास समिति | श्री निशिथ प्रसाद शर्मा | श्री नवराज रिजाल |
| २ | विधेयक समिति | श्री निशिथ प्रसाद शर्मा | श्री गोविन्द अधिकारी |
| ३ | सामाजिक विकास समिति | श्री गोविन्द अधिकारी | श्री पासाङ लामा बल |

निर्णय नं. ५ः

राक्सिराङ्ग पालिकाकाको गत आबको स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको प्रारम्भिक नतिजा उपर विस्तृत छलफल गरि गाउँसभामा पेश गरि उक्त नतिजामाथि पूनरावलोकन तथा छलफलको लागि आगामी कार्यपालिका बैठमा पेश गर्न गाउँपालिकाको आ. ब. २०७९/०८० को स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कनको प्रारम्भिक नतिजा गाउँपालिकाको सुशासन तथा संस्थागत विकास समितिमा पठाउने ।

निर्णय नं. ६ः

गाउँपालिकाको विभिन्न वडाहरुमा भएको बर्षाको कारण अवरुद्ध भएका सडकहरुलाई सुचारु गरी संचालनका लागि सडक सरसफाई कार्यको सम्वन्धित वडाबाट आवश्यक प्रकृया पूरा गरी आएको प्राविधिक मुल्याङ्कन अनुसारको रकम सम्बन्धित शीर्षकवाट निम्नानुसार भुक्तानी गर्न गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने र यस अघि भएका भुक्तानीहरुको निर्णय अनुमोदन गर्ने।

| वडा नं. | मूल्यांकित रकम |
|---|---|
| १ | ५,३६,१९०.०० |
| १ | १,२३,३६०.०० |
| २ | ३,३४,५९०.०० |
| ३ | १,७६,१००.०० |
| ४ | २,६४,६००.०० |
| ५ | १,५४,२०० |
| ६ | ४,२८,५००.०० |
| ७ | ४,३६,०००.०० |
| ९ | ९,९३,४९८.०० |
| | ३४,४७,०४८.०० |

निर्णय नं. ७ः

महालेखा परिक्षकको कार्यालयबाट यस गाउँपालिकाको आ ब २०७८/०७९ सम्मको बेरुजु फस्यौंट सम्बन्धमा गाउँपालिकाको वेरुजु फस्यौंट समितिमा दफावार छलफल गरी गाउँसभामा पेश गर्न उक्त समितिलाई निर्देशन दिने ।

निर्णय नं. ८

गाउँपालिकामा प्राप्त हुने स्रोतबाट रकम व्यहोरिने गरि चालु आर्थिक बर्षको स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत देहायका खर्च शीर्षकहरुमा थप रकम विनियोजन गर्ने ।

क० गाउँपालिका भित्रका साविकका गाविस अन्तर्गत विभिन्न वडाहरुमा कार्यरत महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई ६० बर्ष उमेर पुगेपश्चात अवकाश सुविधाको रुपमा जनहि रु. २०,००० प्रदान गरिने व्यवस्था रहेकोमा गाउँपालिकाको जनस्वास्थ्य प्रवर्द्धनमा उहाँहरुको योगदानको उच्च कदर गर्दै उक्त रकममा गाउँपालिकाको आन्तरिक स्रोतबाट प्रति स्वयमसेविका रु. ३०,००० थप गरी जनही जम्मा रु. ५०,००० प्रदान गर्न आवश्यक व्यवस्था मिलाउन गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने ।

ख० गाउँ कार्यपालिका कार्यालयका कर्मचारी श्री निशिथ प्रसाद शर्मा (सहायकस्तर पाँचौ) मिति २०८०/०९/०९ देखि अनिवार्य अवकाशप्राप्त हुनुभएकाले निजले प्राप्त गर्ने अवकाश पश्चातको सुविधा गाउँपालिकाको चालु स्रोतबाट व्यहोरिने गरि प्रदान गर्न गाउँ कार्यपालिका कार्यालयलाई निर्देशन दिने र साविक जिल्ला विकास समितिको कार्यालय, मकवानपुर मा रहेको मौज्दात कोषबाट रकम मागका लागि जिल्ला समन्वय समितिको कार्यालय मकवानपुरसँग माग अनुरोध गर्ने ।

ग० इसाई धर्मावलम्बीहरुको महान चाड ख्रीट्मसको उपलक्ष्यमा दिइएको सार्वजनिक विदा अनुमोदन गर्ने ।

उपरोक्त व्यहोराको पेश हुन आएको प्रस्तावहरुलाई सर्वसम्मत निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| (सुजता दमाई)<br>कार्यपालिका सदस्य | (सजिना मुक्तान नेपाली )<br>कार्यपालिका सदस्य | (शुशिला सुनार)<br>कार्यपालिका सदस्य | (शान्ता कुमारी अर्याल)<br>कार्यपालिका सदस्य |
| (सिङ्गलाल प्रजा)<br>कार्यपालिका सदस्य | (चन्द्रमान प्रजा)<br>कार्यपालिका सदस्य | (बाबी राम मुक्तान)<br>वडा अध्यक्ष | (बुद्ध राम मुक्तान)<br>वडा अध्यक्ष |
| (उत्तम वाइवा)<br>वडा अध्यक्ष | (संजय कोइराला)<br>वडा अध्यक्ष | (हरि बहादुर प्रजा)<br>वडा अध्यक्ष | (अकल बहादुर मोक्तान)<br>वडा अध्यक्ष |

| | | |
|---|---|---|
| (राम बहादुर प्रजा)<br>वडा अध्यक्ष | (युसाई प्रजा)<br>वडा अध्यक्ष | (राम कुमार वाल्वा थिङ)<br>वडा अध्यक्ष |

| | |
|---|---|
| (बनस्तम थिङ)<br>उपाध्यक्ष | (राजकुमार मल्ल)<br>अध्यक्ष |